# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, साउन २१ गते २०४२ साल (संख्या १७

## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी टक्सार तथा नापतौल विभागअन्तर्गतका अञ्चल स्तरीय नापतौल कार्यालयहरूका प्रमुखहरूलाई सोही नियमावलीको अनुसूची १ (ख) मा समावेश गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

मङ्गलकृष्ण श्रेष्ठ

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले खाद्य नियमावली, २०२७ को नियम ४ को उप-नियम (१) ले दिएको अधिकार प्रयोग गरी कृषि मन्त्रालयअन्तर्गत केन्द्रीय खाद्य अनुसन्धानशालाका खाद्य अनुसन्धान अधिकृत श्रीमती उर्मिला जोशीलाई सार्वजनिक बिश्लेषक तोकेको छ ।

आज्ञाले,

पृथुनरसिंह राणा

श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।